# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल ।

प.सं.: २०७८।०७९

च.नं.

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजैया, मकवानपुर बागमती प्रदेश, नेपाल

मिति : २०७९/०३/१७

विषय : निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री मनहरी गाउँपालिका
सबै शाखा/उपशाखा प्रमुखहरु
वडा कार्यालय/वडा सचिवहरु
मनहरी, मकवानपुर ।

प्रस्तुत विषयमा मिति २०७९ आषाढ १७ गते शुक्रबार बसेको गाउँ कार्यपालिका बैठकको निर्णय पाना दुई (२) थान यसैसाथ संलग्न छ । सो निर्णयानुसार तहाँ संग सम्बन्धित निर्णयहरु हेरी समयमै आवश्यक कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

.................................

संगिता अधिकारी

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७९/०३/१७ गते शुक्रबार विहान ७:०० बजे यस मनहरी गाउँ कार्यपालिकाको चौथो बैठक गाउँपालिका अध्यक्ष श्री रन्जन कालाखेती ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा तपसिल अनुसारको निर्णय गरी सम्पन्न गरीयो ।

उपस्थिति :

| क.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री रञ्जन कालाखेती | अध्यक्ष | |
| २ | श्री सीता पुलामी मगर | उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राज कुमार पाख्रिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दीपेन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री युवराज थपलिया | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया बोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री मोहनकुमार श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित/बैठक सहयोगी

अन्जना सुवेदी अधिकृत सातौं प्रशासन शाखा

आ.व. २०७९ असार १७ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

प्रस्तावहरु

१. विगतको निर्णयको समीक्षा

२. वडा नं. ३ को लामिटार सडक स्तरीकरण तथा वडा नं. ८ को देउकोट जाने बाटो मर्मत तथा सडक सरसफाइको काम सम्पन्न भइसकेको र सो को भुक्तानीको लागि निर्णय भएको शिर्षकमा रकम बाँकी नरहेको सम्बन्धमा

३. मनहरी गाउँपालिका राजस्व परामर्श समितिको कार्यसञ्चालन कार्यविधि २०७९ सम्बन्धमा

४. मनहरी गाउँपालिका श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति कार्यसञ्चालन कार्यविधि २०७९ सम्बन्धमा

५.ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७८ बमोजिम ब्याक हो लोडर सञ्चालक समितिका संयोजक तोक्ने सम्बन्धमा

६. गाउँसभाको नवौं अधिवेशनको दोस्रो बैठकमा पेश हुने विषयवस्तु

निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा विगतमा भएका गाउँ कार्यपालिकाको अधिकांश निर्णय कार्यान्वयन भइसकेका र केही निर्णय कार्यान्वयनको चरणमा रहेको समीक्षा गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा लामिटार सडक स्तरीकरण शिर्षकमा २०७८।११।०५ को गाउँ कार्यपालिकाको निर्णय अनुसार पूँजिगत भैपरी शिर्षकबाट रु. २०००००। विनयोजन गर्ने निर्णयानुसार योजना सम्झौता भइ काम समेत सम्पन्न भइसकेकोमा उल्लेखित शिर्षकमा रकम खर्च भइ बाँकी नरहेको हुँदा गाउँपालिकाको उपयुक्त स्थानमा शौचालय निर्माण शिर्षकबाट मूल्याङ्कन बमोजिमको रकम भुक्तानी दिने र सोही सडकको राईटोल क्षेत्रमा सडकमा खाल्टा भई पानी जमेर आवत जावत तथा सवारी साधन सञ्चालनमा कठिनाइ भएको हुँदा ट्याङकरबाट पानी हाली रोलर लगाउँदा लागेको खर्च रु ३०,०००। समेत सोही शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो । साथै वडा नं. ३ मा रहेको सानान्टार हाँडीखोला झोलुङ्गेपुलबाट तल झर्ने बाटो जाने बाटो तत्काल मर्मत सुधार नगर्दा दुर्घटना हुने थप बाटोमा थप क्षति हुने भएको हुँदा गाउँपालिकाको उपयुक्त स्थानमा शौचालय निर्माण शिर्षकबाट सानान्टार हाँडीखोला झोलुङ्गेपुलबाट तल झर्ने बाटो जाने बाटो तत्काल मर्मत सुधारको लागि रु. १०००००। बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो ।

आ.व. २०७९ असार १७ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा मनहरी गाउँपालिका राजस्व परामर्श समितिको कार्यसञ्चालन कार्यविधि २०७९ पारित गरि राजपत्रमा प्रकाशन गर्न गाउँ कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा व्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ को दफा १० बमोजिम वडा नं. ८ का वडा अध्यक्ष श्री नारायण उप्रेतीलाई ब्याक हो लोडर सञ्चालक समितिका संयोजक तोक्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको गाउँसभाको एघारौ अधिवेशनको दोस्रो बैठक नेपालको संविधान र प्रचलित कानून बमोजिम मिति २०७९।०३।२३ मा मनहरी गाउँपालिका वडा नं. लामिटार सभाहलमा आयोजना गर्ने र सो बैठकमा देहायका प्रस्ताव निर्णयार्थ पेश गर्ने निर्णय गरियो

क. मनहरी गाउँपालिकाको आर्थिक विधेयक, २०७९

ख. मनहरी गाउँपालिकाको आ.व. २०७९।०८० को बार्षिक बजेट

ग. लेखा समितिबाट प्राप्त निर्णयका आधारमा नियमित गर्नुपर्ने र प्रमाण पेश गर्नु पर्ने बेरुजू

घ. न्यायिक समितिको २०७८।०७९ को बार्षिक प्रतिवेदन

ङ. गाउँ शिक्षा एन २०७५ को पहिलो संशोधन

च. करार तथा ज्यालादारी कर्मचारी नियुक्ति तथा म्याद थप

छ. विविध

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा पारित गरि बैठक समापन गरियो ।

रन्जन कालाखेती
अध्यक्ष

चौथो गाउँ कार्यपालिका बैठक